थुलुङ दुधकोशी गाउँपालिका

# थुलुङ दुधकोशी गाउँपालिकाको नीति तथा कार्यक्रम २०७८

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,मुक्ली

१ नं. प्रदेश, नेपाल

**यस सम्मानित सभाका श्रद्धेय समाध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु ।**

गाउँपालिका अर्न्तगतका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी एवं उपस्थित सम्पूर्ण महानुभावहरु । आजको यो ऐतिहासिक गाउँसभामा थुलुङ दुधकोशी गाउँपालिकाको आ.व २०७८/०७९ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने श्रेद्धय अध्यक्ष ज्यू समेक्ष अनुमति चाहान्छु ।

सर्वप्रथम, थुलुङ दुधकोशी गाउँपालिका नेपालको संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तीका लागी नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक सशस्त्र संघर्ष, जनआन्दोलन लगायत व्यवस्था परिवर्तनको लागी भएका विभिन्न आन्दोलनहरुको उच्च सम्मान गर्दै समावेशिता, लोकतन्त्र, गणतन्त्र धर्मनिरपेक्षता तथा न्याय एवं समानताको खातिर जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली ब्यक्त गर्दछु ।

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको गाउँसभा संचालन कार्यविधि ऐन २०७५ बमोजिम यो गाउँसभा संचालन भैरहेको व्यहोरा अवगत गराउँदछु ।
श्रद्धय सभाध्यक्ष महोदय, अव म आ.व २०७८/०७९ को नीति तथा कार्यक्रमहरु वाचन गर्ने अनुमति चाहन्छु ।

**१.** थुलुङ दुधकोसी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७८/०७९ का लागी बजेमा निम्नानुसार गाउँपालिका स्तरिय संचालनमा रहेका र पहिचान गरिएका आयोजनाहरुका प्रभावकारी रुपमा कार्यन्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१. दुधकोशी सामुदायिक अस्पताल
२. थुलुङ दुधकोशी बहुप्राबिधिक शिक्षालय
३. गाउँपालिका स्तरिय खेल मैदान

२. संघ, प्रदेश सरकार लगायत अन्य निकायहरुसँगको साझेदारीमा संचालनमा रहेका र कार्यन्वयनको निम्ति प्रस्तावित निम्न कार्यक्रमहरुको लागी आवश्यक समपुरक बजेटको व्यवस्था मिलाइनेछ ।

१. वडा नं. ४,५,७,८ र ९ नं वडा कार्यालयको प्रशासनिक भवन निर्माण
२. गाउँपालिकाको प्रशासनिक भवन

३. सुकेपोखरी पर्यटकिय क्षेत्र निर्माणका निमित्त आवश्यक वजेट

४. गाउँपालिका स्तरिय सडक आयोजना

३. चालु आ.व २०७७/०७८ मा संझौता भई कार्यन्वयन सुरु भएको तर संघिय र प्रदेश सरकारको राजश्व बाँडफाँड बापतको रकम शिलिङ अनुसार प्राप्त हुन नसकेका अधुरो रहेका योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकताका साथ वजेटको व्यवस्था गरिनेछ ।

४. गाउँपालिका भित्रका युवाहरुलाई उद्यमशिल बन्न उत्प्रेरित गरि स्वरोजगार सृजना गर्न परियोजना प्रस्तावनाको आधारमा सहुलियत कर्जाको व्यवस्था गर्न वजेट विनियोजन गरिनेछ ।

५. किसानहरुले उत्पादन गरेको स्थानिय उत्पादनको प्रचार प्रसार, विक्रि वितरण एंब प्रर्वद्धन गर्न गाउँपालिका स्तरिय सहकारीका माध्यमबाट सर्वसुलभ तरिकाले व्यवस्थापन गरिनेछ ।

६. गाउँपालिकाले गरेको विकास निर्माण, सेवा प्रवाह र नयाँ योजना तथा कार्यक्रमको बारेमा नागरिक एंब आय सरोकारवालाहरुलाई सुसुचित गर्न नीजी, सरकारी साझेदारीमा ए.फ.एम रेडियो संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ ।

७. गाउँपालिकाले आफ्नो स्थापनाकाल देखि सम्पादन गरेको सम्पादन गरेको महत्वपूर्ण परियोजनाहरु, सेवा प्रवाह र नयाँ सोचलाई प्रकाशन प्रशारण गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

८. सोलुखुम्बु जिल्ला भरि नै थुलुङ दुधकोशी गाउँपालिकामा मात्र बसोबास गर्ने सिमान्तकृत जाती माझी समुदायको विद्यार्थीहरुको शैक्षिक उन्नययनको निम्ति विद्यार्थी प्रोत्साहन कार्यक्रमको लागि विशेष बजेटको व्यवस्था गरिने छ ।

९. गाउँपालिका अन्र्तगतका भुमिहिन नागरिकहरुलाई भुमि घडेरी व्यवस्थापन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१०. संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तीमा खटिएर आफ्नो ज्यान उत्सर्ग गर्नुहुने शहिद तथा व्यपन्न परिवारको लागि मासिक जिवन निर्वाह भत्ताको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

११. खेलकुदको माध्यमबाट शारिरिक र मानसिक रुपमा स्वास्थ्य युवा शक्ति निर्माण गरि समृद्ध गाउँपालिका निर्माण गर्न प्यारापिट सहितको खेल मैदान/रंगशाला निर्माण गर्न गौरवमा आयोजनामा राखी उचित बजेटको व्यवस्था गरेको छु ।

१२. आम युवाहरु खेलकुद तथा गीत संगितको माध्यामबाट शारिरिक तथा मानसिक रुपमा स्वास्थ्य र सकरात्मक बनाई समृद्ध गाउँपालिका निर्माण गर्ने अभियानमा जोड्न चालु आ.व २०७७/०७८ को अध्यक्ष कप रनिङ शिल्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३ गाउँपालिकाबासी नागरिकहरुको प्रमुख आर्थिक उर्पाजनको स्रोत कृषि र पशुपालन रहेकोले किसानहरुले पशु र कृषि व्यवसायमा सामना गरिरहेको रोग तथा अन्य समस्याहरु सँग जुध्न पर्याप्त कृषि प्राविधिकहरुको व्यवस्था गरिनेछ । आवश्यक उन्नत जातको वीउ विजनको निशुल्क वितरण गरिनेछ । साथै रोग नियन्त्रण तथा न्यूनिकरण गर्न प्राङ्गरिक मल तथा जैविक विसादीको खपत बढाइनेछ ।

१४. थुलुङ दुधकोशी गाउँपालिकाकव ९ वटै वडाहरुमा साप्ताहीक हाट बजार संचालनको व्यवस्था मिलाई आन्तरिक उत्पादनलाई बजारको पहुँचसम्म पुर्याउन आवश्यक ब्यवस्था मिलाइनेछ ।

१५. सूचना प्रविधि (ICT) को उच्चतम उपयोग मार्फत गाउँपालिका र अन्तर्गतका कार्यलयबाट प्रवाह गरिने सेवाहरुलाई सरल, सहज छिटो र सेवाग्राही मैत्री बनाउन आवश्यक ब्यवस्था मिलाइनेछ ।

१६. वास्ताविक कृषक र कृषक समूहको पहुँचमा उन्नत जातका तरकारी, खाद्यन्न नगदेवाली आदीको वीउ विजन पुर्याइनेछ । साथै सामुहिक र व्यवसायिक खेती प्रणालीको विकास गर्न प्रोत्साहित गरिनेछ ।

१७. गाउँपालिका भित्रको विभिन्न समुदाय र जातीको संस्कृति, भाषा कलाको संरक्षण र विकास गर्न समुदाय सँगको साझेदारीमा काम गर्न वजेटको व्यवस्था गरिनेछ । यसैगरि सामुदायिक विद्यालयहरुमा थुलुङ राई भाषा तथा बौद्ध शिक्षक व्यवस्था गर्न वजेटको व्यवस्था गरिनेछ ।

१८. गाउँपालिका भित्र रहेको पर्यटकीय स्थल, ऐतिहासिक एबं धार्मिक, सास्कृतिक महत्वका स्थानहरुको संरक्षण प्रवर्द्धन गरि आन्तरिक र बाह्य पर्यटक भित्रयाउने वातावरण सिर्जनाको लागी आवश्यक वजेटको व्यवस्था गरिनेछ । साथै सोको लागी संघ, प्रदेश तथा अन्य सरोकारवाला निकायहरुसँग साझेदारी गरिनेछ ।

१९. कोभीड -१९ लगायत अन्य प्रकोप र महामारी जन्य रोग र समस्यासँग जुध्न स्थानिय तह प्रकोप प्रतिकार्य योजना वनाई कार्यन्वयन गर्न प्राथामिकताका साथ वजेटको व्यवस्था गरिनेछ ।

२०. कृषि उत्पादकत्वमा कृषि गर्न साना सिंचाई कार्यक्रम र प्रत्येक नागरिकको पहुँचमा स्वच्छ खानेपानिको पुर्याउन प्रदेश सरकार सँगको समन्वयमा तयार पारिएको थुलुङ दुधकोशी गाउँपालिकाको गुरुयोजना अनुरुप क्रमश कार्यन्वयन गर्दै लगिनेछ ।

२१. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, आदिवासी जनजाति लगायतको लागी विभिन्न वर्गको शसक्तिकरण क्षमता अभिवृद्धि र संरक्षणको लागी विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

२२. गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुको स्तरउन्नतीको लागी संघ, प्रदेश सरकार लगायत सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।

२३. कृषि योग्ग जमिनको खण्डिकरण, व्यवसायिक प्लटिङ जस्ता कार्यलाई निरुत्साहित गर्दै कृषियोग्य जमिनको संरक्षण गर्ने रणनीति अवलम्वन गरिनेछ ।

२४ आमा हाम्रो भगवान, शिशु हाम्रो सम्पती भन्ने नारासहित संचालन गरिएको आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी कार्यन्वयनको व्यवस्था मिलाइनेछ ।

२५. सामुदायिक विद्यालयहरुमा शिक्षण सिकाईलाई गुणस्तरीय र प्रभावकारी वनाउन आवश्यक पहल गर्ने विभिन्न कार्यक्रमहरुको संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

२६ बैज्ञानिक तथा व्यवहारिक शिक्षा प्रदान गरि संक्षम आत्मनिर्भर तथा प्रतिस्पर्धि जनशक्ती उत्पादन गर्ने उदेश्यका साथ शरु गरिएको थुलुङ दुधकोशी बहुप्राविधिक शिक्षालयलाई प्रतिस्पर्धि बनाउन वजेटको व्यवस्था गरिनेछ ।

२७. गाउँपालिका भित्रबाट आवश्यक्ताको आधारमा माग भएका योजनाहरुलाई योजना बैंकको रुपमा तयार गरी प्रकाशन गरिनेछ ।

२८. गाउँपालिकासँग सम्बन्धित विभिन्न तथ्याङ्क र अभिलेख व्यवस्थापन गर्न आवश्यक वजेटको विनियोजन गरिनेछ ।

२९.  बाल विवाह,घरेलु हिंसा, जातिय छुवाछुत लगायतका सामाजिक विकृति र समस्याहरुको अन्त्यका लागी समाजमा सचेतना र जागरण ल्याउन  विभिन्न कार्यक्रमहरु गर्न वजेटको व्यवस्था गरिनेछ ।

३१.  पंचन र जुवु लगायतको ठाउँमा दुधकोसी नदीवाट पानी लिफ्टिङ गरि खानेपानी र सिंचाइको व्यवस्था गर्न प्रदेश र संघ सरकार संगको सहकार्यमा कार्यक्रम छिटो र प्रभावकारी संचालनको निम्ति आवश्यक पहल कदमी लिइनेछ ।

३२. गाउँपालिका र अनतर्गतबाट गरिने सेवा प्रवाहलाई छिटो छरितो, नागरिकमैत्री बनाउन आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

३३. गाउँपालिकाको आन्तरिक स्रोतलाई मजबुत बनाउन बैज्ञानिक करको  नीति अपनाइनेछ साथै करको दर भन्दा दायरा वढाउने रणनीति अवलम्वन गरिनेछ ।

३४. स्थानीय स्तरमा सामुदायिक, ग्रामिण तथा शहरी, धार्मिक, कवुलियति र साझेदारी बनको सरंक्षण, सम्वर्दन, उपयोग, अनुगमन र नियमन तथा उपभोक्ता समितिको वयवस्था गर्ने नीति अवलम्वन गरिनेछ ।

३५. यस थुलुङ दुधकोशी गाउँपालिकालाई आवश्यक प्रकिया पुर्याएर नगरपालिकामा स्तरउन्नती गर्न प्रदेश सरकार तथा नेपाल सरकार समक्ष पेश गरिनेछ ।

३६.गाउँपालिकाको न्यायिक समितिमा परेका उजुरी उपर न्यायिक समितिले प्राप्त अधिकारलाई उपयोग गरी निष्पक्ष न्याय निरुपण गरिरहेको छ । मेलमिलापको माध्यमबाट दुवै पक्षविचमा जितजितको अवस्था सृजना गर्नको लागि सवै वडामा पायक पर्ने गरी मेलमिलाप केन्द्र संचालनमा ल्याइनेछ । साथै मेलमिलापकर्ताको क्षमता अभिवृद्धी गर्नको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

३७. गाउँपालिका क्षेत्रभित्र नियमित बजार अनुगमन गर्दिंदै आएकोमा , थप प्रभावकारीताको लागि बजार अनुगमन गरी नागरिकको स्वास्थ्यमा हानी पुर्याउने अखाद्य वस्तुहरु बेचविखन गर्न निरुत्साहित गर्नको साथै कालोबजारी नियन्त्रण गर्न आवश्यक व्यवस्था गरिनेछ ।